२०७५, असार
शनिबार
२

> सन् २०३० सम्म ९९ प्रतिशतलाई खाने पानी सुविधा पुऱ्याउने र ९५ प्रतिशत नेपालीलाई सुरक्षित पाइप पानी र सरसफाइ सेवा पुऱ्याउने लक्ष्य निकै चुनौतीपूर्ण भएको बताए।

नेपाल

संघीयतामा खानेपानीको मुद्दा पेचिलो बन्ने

नेपाल समाचारपत्र

ललितपुर

देश संघीय शासन पद्धतिको कार्यान्वयनको चरणमा गइसकेकाले आगामी दिनमा खानेपानीको विषय पेचिलो बन्दै जाने धारणा विज्ञहरूले व्यक्त गरेका छन्।

सोसाइटी अफ पब्लिक हेल्थ इञ्जिनियरले ललितपुरमा आयोजना गरेको संघीय संरचनामा खानेपानी तथा सरसफाइ विषयक अन्तरक्रिया कार्यक्रमका वक्ता र सहभागी विज्ञले सो धारणा व्यक्त गरेका हुन्।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै कानुनविद् काशीराज दाहालले अमेरिकाको सर्वोच्च अदालतले समेत राज्यहरूको बीचमा पानीको विषयलाई लिएर परेको मुद्दामा निर्णय दिन बिलम्ब गरेको घटना उल्लेख गर्दै भने- 'त्यहाँ सबैभन्दा पुरानो मुद्दा नै पानीको रहेछ।'

पोटोम्याक नदीबाट मेरिल्यान्ड र वाशिंटनमा पानी ल्याउने विषयमा भर्जिनियाले हालेको मुद्दा अदालतले एकआपसमा मिलेर सुल्झाउन समय दिँदा अल्झिएको रहेछ। मुद्दालाई फैसलामा लग्दा एक पक्षको जित र अर्को पक्षको हार हुने र सो नजीरले विभिन्न राज्यमा भइरहेको स्रोतको बाँडफाँडका साथै भविस्यमा समेत विवाद सिर्जना गर्ने छिद्र बनाउने भएकाले त्यसलाई रोकिएको रहेछ।

कानुनविद् दाहालले नेपालको वर्तमान संविधानमा संघीयतालाई सहकार्य, सहअस्तित्व र समन्वयका रुपमा स्थापित गरिएकाले सोहीअनुरुप स्रोतको बाँडफाँडको नीति बनाउनुपर्ने विचार व्यक्त गरे।

कार्यक्रममा खानेपानी तथा ढल निकास विभागका महानिर्देशक सुनिलकुमार दासले खानेपानीसम्बन्धी विषय संघ र प्रदेशको एकल अधिकारमा नराखिएको तर स्थानीय निकायको अधिकारमा राखिएको बताए। उनले खानेपानीसम्बन्धी अधिकार तीनै तहको साझा अधिकारका रुपमा राखिएको पनि बताए।

कार्यक्रममा डा. चिरञ्जीवी भट्टराईले संविधानमा उल्लिखित खानेपानीसम्बन्धी मौलिक हक र सरसफाईको दिगो विकास लक्ष्य हासिल गर्न सरकारले खानेपानी र सरसफाइको स्थानीय र राष्ट्रिय मापदण्ड निर्माण गरी लागू गर्न आवश्यक रहेको बताए।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पुष्पराज कँडेलले सन् २०३० सम्म ९९ प्रतिशतलाई खानेपानी सुविधा पुऱ्याउने र ९५ प्रतिशत नेपालीलाई सुरक्षित पाइप पानी र सरसफाइ सेवा पुऱ्याउने लक्ष्य निकै चुनौतीपूर्ण भएको बताए।

कार्यक्रममा पूर्वसचिव बालानन्द पौडेलले संविधान निर्माताले नेपालको संघीयताका सम्बन्धमा संविधानको भाग-३ मा किटानीसाथ उल्लेख गरेर ३ तहबीचको सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित हुनेछ भनेर उल्लेख गरेकाले संघीय, प्रादेशिक र स्थानीय तहका सरकारले यसको मर्मलाई आत्मसात् गरेर काम गरेमा संघीय पद्धति सफल हुने बताए।

कार्यक्रममा एसियाली विकास बैंकका पूर्वउपाध्यक्ष विन्दुनाथ लोहनीले एकीकृत पानी व्यवस्थापनमा जानुपर्ने, जलाधार व्यवस्थापन र रिभर वेसिन अथोरिटी बनाउन उपयुक्त हुने, राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका आयोजना क्रमशः संघ, प्रदेश र स्थानीय निकायले गर्नुपर्ने, आयोजनाको मर्मत संभारमा विशेष व्यवस्था गर्नुपर्ने, स्थानीय तथा प्रदेश स्तरको बीचमा आउने विवादलाई संघीय सरकारले हस्तक्षेप वा समन्वय गरेर मिलाउनपर्ने बताए।

सोसाइटी अफ पब्लिक हेल्थ इञ्जिनियर्स एसोसियसनका अध्यक्ष ई. रामदीप शाहको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पूर्वमन्त्री ई. गणेश शाहले संविधानले प्रत्याभूत गरेको खानेपानीको मौलिक हक सबै नेपालीले समानरुपले उपयोग गर्न पाउने अवस्था सिर्जना गर्न र दीगो विकासका लक्ष्यमा निहित सरसफाइका लक्ष्य आगामी १२ वर्षमा पूरा गर्न युद्धस्तरमा काम गर्न आवश्यक भएको बताए।

निजामतीसरह सुविधा दिन परिषद्को माग

काठमाडौं (नेस)

नेपाल विद्यालय कर्मचारी परिषदका अध्यक्ष बहादुर खड्काले संघीयताअनुरुपको शिक्षा ऐन बनाउँदा सबै कर्मचारीको न्याय र संरक्षण हुने गरी ऐन बनाउन सरकारसँग माग गरेका छन्। नेपाल विद्यालय कर्मचारी परिषद्ले गत जेठ ३० र ३१ गते राजधानीमा सम्पन्न भएको पाँचौ महाधिवेशनका बारेमा जानकारी दिन आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष खड्काले यस्तो माग गरेका हुन्।

उनले भने- 'सरकारले साउन १ गतेबाट लागू गर्न लागेको शिक्षा ऐनमा विद्यालय कर्मचारीलाई निजामती कर्मचारीसरह सेवा सुविधा उपलब्ध गराउने खालको ऐन ल्याउनुपर्छ, हामी पनि राष्ट्र सेवक हौं, सबै राष्ट्र सेवकको संरक्षण हुने गरी संघीय शिक्षा ऐन निमार्ण गरिनुपर्छ, आजको आवश्यकता पनि यही हो।'

अध्यक्ष खड्काले सार्वजनिक शिक्षाको गुणस्तरका लागि सरकार, शिक्षक, अभिभावक र ऐन नियम प्रभावकारी हुनुपर्नेमा जोड दिएका छन्। उनले भने- 'सार्वजनिक शिक्षाको गुणस्तरका बारेमा अरुलाई दोष दिएर उम्किन कसैले मिल्दैन। सबैले आफ्नो स्थानबाट शिक्षालाई माथि उठाउन प्रयास गर्नुपर्छ। पछिल्लो समयमा सार्वजनिक शिक्षाको पहुँच राम्रो हुँदैछ। यसलाई कसरी अझै राम्रो बनाउने भन्नेतर्फ लाग्नुपर्छ।'

परिषद्ले संघीय शिक्षा ऐनमा निजामती कर्मचारीसरहको सेवा सुविधा प्राप्त गर्न असार मसान्तभित्र 'काठमाडौं जाऊँ अभियान' चलाउने, शिक्षा ऐन आठौं संशोधन-२०६३ बाट विद्यालय कर्मचारीसम्बन्धी गरिएको व्यवस्थाले विभेद गरिएको र आगामी ऐन न्यायपूर्ण हुनुपर्ने, आम विद्यालय कर्मचारीको स्थायित्वका लागि संघीय प्रदेश तथा स्थानीय सरकारको दायित्व बोध गराउन देशैभरि विभिन्न संघर्षका कार्यक्रम सार्वजनिक गरेको छ।

मूल्यवृद्धि विरुद्ध प्रदर्शन

काठमाडौं (नेस)

मूल्यवृद्धि विरुद्धको प्रदर्शनका क्रममा पार्टी कार्यालयभित्रै प्रहरी पसेर दमन गरेको भन्दै नेपाली कांग्रेसले गम्भीर आपत्ति प्रकट गरेको छ।

बिहीबार सुर्खेतमा प्रहरीले कांग्रेस पार्टी कार्यालयभित्र प्रवेश गरी विद्यार्थीमाथि धरपकड गरेको भन्दै कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले शुक्रबार एक विज्ञप्ति जारी गरी सो घटनाको कडा शब्दमा भर्त्सना गर्नुभएको हो। 'निरन्तर भएको मूल्यवृद्धिका विरुद्ध विद्यार्थीले गरेको प्रदर्शनपश्चात् नेपाली कांग्रेस सुर्खेतकै जिल्ला पार्टी कार्यालयमा समेत प्रहरीले प्रवेश गरी आक्रमण र धरपकड गर्नु सामान्य विषय होइन', कांग्रेसले भनेको छ- 'सडक पनि लोकतन्त्रमा फरक मत प्रस्तुत गर्ने अभिन्न अंग हो।'

पञ्चायतकालमा समेत नेपाली कांग्रेसको कार्यालयभित्रै पसेर प्रहरीले आक्रमण गर्ने घटना भएको थिएन भन्दै विज्ञप्तिमा भनिएको छ। तर कम्युनिस्ट सरकारको पालामा यस्तो घटना हुनुले सरकारको लोकतन्त्रप्रतिको विश्वासमा प्रश्न उठेको छ। नेपाली कांग्रेसले यस्तै रवैया रहे विद्यार्थीले सडकमा मात्र होइन सिंहदरबारभित्रै प्रवेश गरेर प्रधानमन्त्रीको कार्यालय अघिल्तिरै प्रदर्शन दिने चेतावनी पनि दिएको छ।

विदेशी हस्तक्षेपविरुद्ध राप्रपा

नेपाल समाचारपत्र

ललितपुर

ललितपुर राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले मुलुक आन्तरिक एकता सुदृढ र वैदेशिक हस्तक्षेपविरुद्ध संघर्ष गर्न पार्टीको एजेन्डा सान्दर्भिक रहेको बताउनुभएको छ।

पार्टीको ललितपुर जिल्लास्तरीय कार्यकता भेलालाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो। उहाँले गतवर्ष सम्पन्न ३ वटै तहको निर्वाचनमा पार्टी अनपेक्षित पराजय भए पनि पार्टी लिएको एजेन्डाको औचित्य र सान्दर्भिकता समाप्त नभएको पनि धारणा राख्नुभयो।

'बामपन्थी अधिनायकवाद बढेको बेला, संघीयता र गणतान्त्रिक व्यवस्थामा जनताको जीवनस्तर उकास्न नसकेको समयमा अलग धार बोकेको पार्टीको खाँचो छ। त्यो खाँचो राप्रपाले परिपूर्ति गर्नेछ।' -अध्यक्ष थापाले भन्नुभयो।

'अहिले मुलुक कुशासनग्रस्त छ। राजसंस्थालाई समाप्त गरेदेखि देश अस्थिर भइरहेको छ। विदेशी हस्तक्षेप बढेको छ। आन्तरिक एकता कमजोर भएको छ। यस्तो बेला राजासहित प्रजातन्त्रको एजेन्डालाई स्थापित गराउनुपर्ने आवश्यकता बढेको छ।' -अध्यक्ष थापाले भन्नुभयो।

उहाँले चुनावमा पराजय भए पनि कार्यकतालाई निराश, विचलित र पलायन नहुन आग्रह गर्नुभयो।

सो अवसरमा पार्टीका महामन्त्री राजेन्द्र लिङदेलले चुनावमा भएको पराजयलाई समीक्षा गरेर उत्साहका साथ अघि बढ्न कार्यकतालाई आह्वान गर्नुभयो। 'पार्टीलाई बलियो बनाउनुपर्ने, पार्टीले लिएको एजेन्डालाई जनतासामु व्यापक प्रचारप्रसार गर्नुपर्ने खाँचो छ' -महामन्त्री लिङदेलले भन्नुभयो।

प्रहरी महानिरीक्षक खनालद्वारा दर्ज्यानी चिह्न प्रदान

नेपाल समाचारपत्र

काठमाडौं

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले गृह मन्त्रालयको जेठ २९ गतेको निर्णयअनुसार प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षक पदमा पदोन्नती भएका तथा खुल्ला प्रतियोगिताबाट प्रहरी निरीक्षकमा नयाँ नियुक्ति भएका विभागीय प्रहरी अधिकृतलाई शुक्रबार प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच दर्ज्यानी चिह्न प्रदान गर्नुभयो।

उक्त अवसरमा प्रहरी नायब उपरीक्षकबाट प्रहरी उपरीक्षकमा पदोन्नती भएका २७ जना र प्रहरी निरीक्षकबाट प्रहरी नायब उपरीक्षकमा पदोन्नती भएका ४९ जना तथा नयाँ नियुक्त प्रहरी निरीक्षक ७५ जना प्रहरी अधिकृतलाई दर्ज्यानी चिह्नद्वारा सुशोभन गरिएको हो। पदोन्नती भएकामध्ये १ जना प्रहरी उपरीक्षक तथा ६ जना प्रहरी नायब उपरीक्षक हाल संयुक्त राष्ट्र संघीय मिसनमा कार्यरत रहनुभएको छ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक खनालले पदोन्नती भएका प्रहरी अधिकृतलाई बधाइ तथा शुभकामना दिँदै पदोन्नतीसँगै पदीय जिम्मेवारीसमेत बढ्ने हुनाले सोहीअनुरुप कार्य गरी उत्कृष्ट प्रहरीको रुपमा आफूलाई चिनाउन निर्देशन दिनुभयो।

संगठनको नीति र उद्देश्यप्रति गम्भीर भई तोकिएको जिम्मेवारी दृढतापूर्वक पूरा गर्नुपर्नेमा जोड दिँदै प्रहरी महानिरीक्षक खनालले अपराधजन्य क्रियाकलाप र तिनमा संलग्न व्यक्तिप्रति कठोर भई निर्भीकताकासाथ काम गर्नुपर्ने बताउनुभयो। प्रहरी कर्मचारीलाई सम्पादित कामको आधार, अनुभव र अन्य मूल्यांकनका आधारमा वृत्तिविकास गर्नेतर्फ संगठन सदैव सकारात्मक रहने चर्चा गर्नुभयो।

उक्त अवसरमा पदोन्नती भएका अधिकृतको तर्फबाट मन्तव्य व्यक्त गर्दै प्रहरी उपरीक्षक अच्युतमप्रसाद पुडासैनीले संगठनले दिएको जिम्मेवारी संगठनको नीतिअनुसार पूर्ण व्यावसायिक भई कार्य सम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

रक्तदाता दिवस मनाइयो

नेपाल समाचारपत्र

काठमाडौं

ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) को आयोजनामा रक्तदाता दिवस मनाइएको छ। केन्द्रीय कार्यवाहक अध्यक्ष रमेशध्वज बस्नेतको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले रक्तदान जीवनदानको नारालाई सार्थक बनाउन लागिपर्ने स्वयंसेवी रक्तदाताको भूमिका अग्रणी रहेको भन्दै योभन्दा महान कार्य अरु केही हुन नसक्ने उहाँले बताउनुभयो।

कार्यवाहक अध्यक्ष बस्नेतले स्वयंसेवी रक्तदाताबाट लिइएको रगत आवश्यक पर्ने बिरामीलाई शतप्रतिशत निःशुल्क वितरण गर्ने बताउनुभयो।

उहाँले रक्तदान मानवीय जीवनसँग गाँसेको संवेदनशील विषय भएको र ब्लोदानले सोही रगतको विषयलाई महान् उद्देश्य बनाई स्वयंसेवी रक्तदाताबाट लिइएको रगतलाई रगत आवश्यक पर्ने बिरामीलाई शतप्रतिशत रुपमा निःशुल्क वितरण गर्नुपर्ने बताउनुभयो।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका प्रमुख प्याथोलोजिस्ट कन्सल्टेन्ट डा. मुकुन्द शर्माले सरकार स्वास्थ्य मन्त्रालय र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट के कति सहयोग गर्न सकिन्छ, आफू समन्वयात्मक भूमिकाका लागि सदा तत्पर रहेको बताउनुभयो।

यसै गरी ब्लोदानका संस्थापक सदस्य अर्जुनप्रसाद मैनाली, नेपाल हिमोफोलिया सोसाइटीका अध्यक्ष प्राडा दीपक शाक्य, नेपाल थालिसिमिया सोसाइटीका अध्यक्ष दुर्गा पाठक, ब्लोदानका वरिष्ठ सल्लाहकार एवं नेपालका सबैभन्दा बढी शतक रक्तदाता नीता घिराइया, वरिष्ठ सल्लाहकार एवं ब्लोदानका संस्थापक सदस्य सूर्यकुमारी श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटी, केन्द्रका उपमहामन्त्री हरिप्रसाद न्यौपानेले बोल्नुभएको थियो।

कार्यक्रममा ब्लोदानको गतिविधिलाई आफ्नो सञ्चार माध्यम र पत्रकारिता क्षेत्रका विविध क्षेत्रमध्ये नेपाल समाचारपत्रका प्रकाश श्रेष्ठ, पत्रकारिता क्षेत्रमा योगदान गरेबापत स्वतन्त्र पत्रकार प्रेरणा शाक्य, विद्युतीय माध्यमबाट प्रचारप्रसार गरेबापत रेडियो उपत्यका र टेलिफिल्म माध्यमबाट रक्तदाता उत्प्रेरणा गरेबापत सुखावती फिल्म प्रोडक्सन तथा रक्तदानको क्षेत्रमा उत्प्रेरणा जगाउने र महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै अर्जुनप्रसाद मैनाली, जीवन बस्नेत र आर्यन उप्रेतीलगायतलाई विशेष कदरपत्रबाट सम्मान गरिएको थियो।

यसअघि २५ जेठ २०७५ देखि ३१ जेठ २०७५ सम्म सप्ताहव्यापी कार्यक्रम गरिएको थियो। कार्यक्रम ब्लोदानका महासचिव ई. सानुबाबु प्रजापतिले सञ्चालन गर्नुभएको थियो।

सिनेमा कर्नर



अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : आर्थिक लाभ, काममा प्रगति, पठनपाठनमा सफलता।
वृष : धनलाभ, सन्तुष्टि, प्रतिष्ठा वृद्धि, आनन्दको अनुभूति।
मिथुन : भोजनादि लाभ, कार्य सफलता, वस्तु वा सेवा प्राप्ति।
कर्कट : अस्वस्थता, आर्थिक भार, काममा बाधा-व्यवधान।
सिंह : अन्नलाभ, आवश्यकताको केही वस्तु प्राप्तिको सम्भावना, सुख।
कन्या : कार्य सफल, सुख-सन्तोष, स्वस्थताको महसुस, बोलेको लाग्ने।
तुला : सुखानुभूति, राजनीतिक सफलता, रोमान्टिक भेटघाट।
वृश्चिक : अनावश्यक खर्च, रोगको भय, काममा बाधा, चिन्ता।
धनु : खुशी, धनलाभ, इज्जत वृद्धि, पारिवारिक जमघट।
मकर : आर्थिक लाभ, पठनपाठनमा सफलता, स्फूर्ति जाग्ने।
कुम्भ : कार्य सफलता, स्वस्थताको अनुभूति, तनावबाट मुक्त।
मीन : तनाव, पेटमा समस्या, अनावश्यक खर्च, अशान्ति।